# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, कात्तिक ४ गते २०६५ साल (संख्या २७

## भाग ३

### नेपाल सरकार

### जलस्रोत मन्त्रालयको सूचना

विद्युत (दोस्रो संशोधन) नियमावली, २०६५

विद्युत नियमावली, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले, विद्युत ऐन, २०४९ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो नियमहरूको नाम "विद्युत (दोस्रो संशोधन) नियमावली, २०६५" रहेको छ ।

(२) यो नियमावली सम्वत् २०६४ साल आश्विन १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

२. विद्युत नियमावली, २०५० को नियम २४ मा संशोधनः विद्युत नियमावली, २०५० को नियम २४ को सट्टा देहायको नियम २४ राखिएको छ :-

"२४. अनुमतिपत्र दस्तूरः (१) यस नियमावली बमोजिम सर्वेक्षण अनुमतिपत्रका लागि दरखास्त दिंदा अनुसूची-११ मा तोकिएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दस्तूर बराबरको रकम विद्युत विकास विभागका नाममा रहेको धरौटी खातामा जम्मा गर्नुपर्ने छ ।

(२) विद्युत उत्पादन, प्रसारण वा वितरणको अनुमतिपत्र-का लागि दरखास्त दिँदा अनुसूची-११ मा तोकिएको दस्तूर विद्युत विकास विभागमा बुझाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम दरखास्त दिएका व्यक्ति वा संगठित संस्थाले ऐनको दफा ४ को उपदफा (२) बमोजिम सर्वेक्षण अनुमतिपत्र प्राप्त गरेमा निजले राखेको धरौटी रकम अनुमतिपत्र दस्तूर बापत विद्युत विकास विभागले नेपाल सरकारको राजस्व खातामा दाखिला गर्नुपर्ने छ ।

तर अनुमतिपत्र दिन नमिल्ने भएमा त्यस्तो धरौटी रकम निजलाई फिर्ता दिनुपर्ने छ ।

(४) ऐनको दफा ४ को उपदफा (२) बमोजिम सर्वेक्षण अनुमतिपत्र दिने निर्णय भएकोमा सोको जानकारी पाएको मितिले तीन महिनाभित्र दरखास्तवाला अनुमतिपत्र लिन नआएमा उपनियम (१) बमोजिम राखेको धरौटी रकम नेपाल सरकारको राजस्व खातामा दाखिला गर्नुपर्ने छ ।

तर यो नियम नेपाल राजपत्रमा प्रकाशन भएको मितिसम्म जम्मा भएको धरौटी रकम यो नियम नेपाल राजपत्रमा प्रकाशन भएको मितिले पैंतीस दिनभित्र अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले अनुमतिपत्र नलिएमा निजले राखेको धरौटी रकम नेपाल सरकारको राजस्व खातामा दाखिला गर्नुपर्ने छ ।

आज्ञाले,
शङ्करप्रसाद कोइराला
नेपाल सरकारको सचिव



३३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।